# पोखरा विश्वविद्यालय सेवा आयोगको सूचना

(शैक्षिक पदहरुको लागि दरखास्त आव्हान)

## विज्ञापन नं.१/२०७१/०७२ आन्तरिक प्रतियोगिता

पोखरा विश्वविद्यालयमा रिक्त रहेको देहायको प्राध्यापक र सह-प्राध्यापक पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नको निमित्त पोखरा विश्वविद्यालय र त्यस अन्तरगतका विभिन्न कार्यालयमा वा निकायमा सम्वन्धित पदमा एक तह मुनीको पद र विषयमा कार्यरत रहेको व्यक्तिले पोखरा विश्वविद्यालयको नियमानुसार तोकीएवमोजिम योग्यता पुगेका योग्य उम्मेदवारहरुले ***मिति २०७१ भाद्र १५ गते दिनको ३.०० बजे***भित्र पोखरा विश्वविद्यालय सेवा आयागको कार्यालय, रातोपुल गौशाला,काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय, लेखनाथ नगरपालिका-१२ ढुङ्गेपाटन, कास्की, पोखरामा आईपुग्ने गरि दरखास्त आव्हान गरिन्छ । दरखास्त पोखरा विश्वविद्यालय सेवा आयागको कार्यालय, काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय, कास्की, पोखराबाट रु २००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका फाराम उपर कुनै कारवाही हुने छैन । आवेदन फारामका साथ लिखित परीक्षा दस्तुर नविल बैंक लिमिटेडमा रहेको ***चल्ती खाता नं.१२०१०१७५००८७०*** मा रकम जम्मा गरेको सक्कल बैक भौचर र निम्नलिखित कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

१. शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धाङ्कपत्रहरु । २.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

३. हालसालै खिचिएको पासर्पोट साइजको फोटो २ प्रति । ४.अनुभव र तालिमको प्रमाणपत्र ।

५.पोखरा विश्वविद्यालय वा त्यस अन्तरगतका निकायहरुमा काम गरेको सेवा अवधि खुलेको सम्वन्धित निकाय प्रमुखको पत्रको सक्कल प्रति र स्थायी, अस्थायी, करार नियुक्ती पत्रहरुको प्रमाणित प्रतिलिपि ।

६. अध्ययन विदा, वेतलवी विदा वा अन्य कुनै प्रकारको लिए नलिएको लिएको सो स्पष्ट पारि विदा लिएको भए स्विकृति भए नभएको विदको अवधि समेत खुललाई सम्वन्धित निकाय प्रमुखको पत्रको सक्कल प्रति ।

७. विश्वविद्यालय भन्दा वाहिर तलवी काज वा वेतलवी काजमा गएको सोको विवरण खुलाई सम्वन्धित निकाय प्रमुखको पत्रको सक्कल र विदा वा काज स्वीकृत भएका पत्रहरुको प्रमाणीत प्रतिलिपिहरु ।

८. प्रकाशित अनुसन्धानात्मक कृति र प्रकाशनहरु १/१ प्रति उम्मेदवारले आवेदन फाराम साथ सक्कलै पेश गर्नु पर्नेछ ।

९. व्यक्तिगत विवरण (वायो डाटा) ६ प्रति ।

१०. माथी उल्लेखित सि.नं. १ देखि ९ सम्मका कागजातहरु उम्मेदवारले आवेदन फाराम बुझउँदा नै बुझाउनु पर्नेछ । अन्त्यमा कुनै कागज पत्र

नपुग भएमा आवेदन फाराम उपर कुनै कारवाही हुने छैन ।

सम्पर्क, स्थान र मितिः

पोखरा विश्वविद्यालय सेवा आयागको कार्यालय रातोपुल गौशाला, काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका ढुङ्गेपाटन-१२, कास्की, पोखरामा मिति २०७१ भाद्र २५ गते

| क्र.स | पद | विषय | रिक्त संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|
| १ | प्राध्यापक | व्यवस्थापन | १ (एक) | १९००/- |
| २ | सह-प्राध्यापक | व्यवस्थापन | १ (एक) | १९००/- |
| ३ | सह-प्राध्यापक | तथ्याङ्कशास्त्र | १ (एक) | १९००/- |
| ४ | सह-प्राध्यापक | गणित | १ (एक) | १९००/- |

**पुनश्चः** छनौट सम्वन्धी आधार र न्यूनतम योग्यता सम्वन्धि विस्तृत विवरण पोखरा विश्वविद्यालयको**Website**www.pu.edu.np मा हेर्न सकिनेछ । र, सेवा आयोगको कार्यालय काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका -१२ खुँदी, ढुङ्गेपाटनको सूचना पाटीमा टाँस गरिएको छ ।

## प्राध्यापक पदमा उम्मेदवार हुनका लागि आवश्यक न्यूनतम योग्यता

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १० बर्षको अध्यापन वा १० बषको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १२ बर्षको अध्यापन वा १२ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १३ बर्षको अध्यापन वा १३ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १५ बर्षको अध्यापन वा १५ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १४ बर्ष काम गरेको अनुभव वा सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र सम्वन्धित क्षेत्रमा कम्तिमा १८ बर्ष काम गरेको अनुभव ।

अथवा

सम्वन्धित ज्ञानको क्षेत्रमा महत्वपुण योगदान पु-याएको मान्य असाधारण ख्याति प्राप्त विद्वान (An outstanding scholar with established reputation who has contributed sigifcantly in the field of knowledge) outstanding scholarको लागि निम्नअनुसारको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :–

The person should be internationally recognizable by the following deeds:

1. He/ she must be a Ph.D. from a reputed university.
2. He/ she must have at least 5years of teaching / research experience.
3. He/she must have served as a Professor/ Visiting Professor or Scientist / Visiting scientist in a reputed foreign university for at least two years.

Or

He / she must have authored or co-authored at least 10 research papers in refereed journals.

सिफारिस सम्वन्धि मापदण्ड:

माथि उल्लेखित योग्यताको मापदण्ड तथा सिफारिस समवन्धि प्रक्रियामा निर्धारित पूर्णाङ्कको ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवार सिफारिसका लागि योग्य हुने छैनन् ।

## सह-प्राध्यापक पदमा उम्मेदवार हुनका लागि अवश्यक न्यूनतम योग्यता

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा ८ बर्षको अध्यापन वा ८ बषको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १० बर्षको अध्यापन वा १० बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा ११ बर्षको अध्यापन वा ११ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १३ बर्षको अध्यापन वा १३ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १२ बर्ष काम गरेको अनुभव वा सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र सम्वन्धित क्षेत्रमा कम्तिमा १४ बर्ष काम गरेको अनुभव ।

**पुनश्चः** छनौट सम्वन्धी आधार र न्यूनतम योग्यता सम्वन्धि विस्तृत विवरण पोखरा विश्वविद्यालयक **Websitewww.pu.edu.np** मा हेर्न सकिनेछ । र, सेवा आयोगको कार्यालय काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका -१२ खुँदी, ढुङ्गेपाटनको सूचना पाटीमा टाँस गरिएको छ ।